आज मिति २०७६ साल आषाढ महिनाको २ गते सोमवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |

कार्यकारीणी सदस्यहरु

| | | |
|---|---|---|
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| उपसचिव | श्री नगेन्द्र प्रसाद रेग्मी | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थिति |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थिति |
| इन्जिनियर | श्री रविन्द्रलाल मुल | उपस्थिति |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : आर्थिक बर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं.२ : आर्थिक बर्ष २०७६/०७७ को योजना तथा बजेट सम्बन्धमा ।

प्रस्ताव नं.३ : औद्योगिक ग्राम स्थापनाको लागि प्रस्ताव पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.४ : विद्यालय भौतिक सुधारका लागि रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.५ : विभिन्न योजनाहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आ.व. २०७६/०७७ को प्रस्तावित मस्यौदा नीति तथा कार्यक्रम उपर बृहत रुपमा छलफल गरियो । छलफलबाट प्राप्त भएका सुझावहरु अनुसार नीति तथा कार्यक्रममा थप परिमार्जन गरी आगामी नगर सभामा सो सम्बन्धी प्रस्ताव प्रस्तुत गर्ने गरी आवश्यक तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आर्थिक बर्ष २०७६/०७७ को प्रस्तावित योजना तथा बजेट सम्बन्धमा छलफल गरियो । छलफलबाट प्राप्त भएका सुझावहरु अनुसार योजना तथा बजेट आवश्यकता अनुसार परिमार्जन गरी आगामी नगर सभामा सो सम्बन्धी प्रस्ताव प्रस्तुत गर्ने गरी आवश्यक तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारबाट औद्योगिक ग्राम स्थापना गर्न प्रस्ताव माग भएकोमा व्यास न.पा. वडा नं. ५ चिन्तुटार स्थित मादिनदी देखि दक्षिण कलेस्तीको झोलुङ्गे पुल र आवादी जग्गादेखि पश्चिम, भिर्गे पहरा देखि पूर्व, माहेन्द्री मार्ग देखि उत्तर तर्फको साविक श्याम्घा ६/झ कि.नं. ११ को क्षेत्रफल १९२-११-०-१ को सार्वजनिक गौचरण र कि.नं. १६ को १४-७-०-३ को सार्वजनिक बगर तथा कित्ताकाट नभएको अन्दाजी ४३ रोपनी समेत करिव २५० रोपनी जग्गामा औद्योगिक ग्राम स्थापनाको लागि प्रस्ताव तयार गरी पठाउने निर्णयो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा न्यूनतम भौतिक पूर्वाधारको अभावको कारण पठन-पाठनमा कठिनाई पर्न गएको व्यहोरा सहित सोको व्यवस्थापनको लागि रकम माग भई आए अनुसार देहाय बमोजिमका विद्यालयहरुमा तत्काल विद्यालय भौतिक सुधार सम्बन्धी कार्य गरी पठन-पाठनलाई सुचारु गर्न निम्न अनुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | कामको विवरण | ठेगाना | रकम |
|---|---|---|---|---|
| १. | अमृत आधारभूत विद्यालय | विद्यालयमा छाना फेर्ने | व्यास ६ | १००,०००। |
| २. | बालमन्दिर मा.वि. | फर्निचर निर्माण खरिद | व्यास न.पा. २ | १५०,०००। |
| ३. | बसन्त आधारभूत विद्यालय | फर्निचर निर्माण | व्यास ११ | ८०,०००। |
| ४. | जनसेवा प्रा.वि. | ढोका निर्माण समेत | व्यास २ | १००,०००। |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा आधारभूत आवश्यकताका रुपमा रहेका देहाय बमोजिमका अत्यावश्यक योजनाहरुका लागि निम्न अनुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | कामको विवरण | ठेगाना | रकम |
|---|---|---|---|---|
| १ | सडक बत्ती | सडक बत्ती जडान | व्यास १३ | १५७,०००। |
| २. | झोलुङ्गे पुल | जिप मर्मत | व्यास ८ | १००,०००। |
| ३. | शुभदिप सामाजिक उद्यमी महिला सहकारी संस्था | तौल मेशिन खरिद | व्यास ८ | १००,०००। |
| ४. | छिर्कने बाङ्गे सिमल मोटर मार्ग | स्तरोन्नती | व्यास १२ | २००,०००। |
| ५. | बागखोर खानेपानी योजना | मोटर खरिद | व्यास १२ | २००,०००। |
| ६. | ठिन नयाँगाउँ खानेपानी | लिफ्टिङ्ग मोटर खरिद | व्यास १३ | ४००,०००। |
| ७. | राम रामेश्वर मन्दिर | रेलिङ्ग निर्माण | व्यास | १५०,०००। |